यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क: ०६१–५३६४५५

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily

○वर्ष ८ ○अंक २६ ○श्रेणी 'क' ○२०७२ असोज २६ गते मंगलबार ○ 13 Oct. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!
योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शूल्क मात्र रु.१०००।– मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

प्रम ओलीसहित पाँच मन्त्रीद्वारा शपथ
आठ जनाको मन्त्रीमण्डल गठनपछि पहिलो बैठक, चीनद्वारा बधाई

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असोज ।

राष्ट्रपति डा रामवरण यादवले नवनिर्वाचित प्रधानमन्त्री केपी शर्मा ओलीलाई राष्ट्रपति कार्यालय शीतलनिवासमा आयोजित विशेष समारोहमा पद तथा गोपनीयताको शपथ गराए । व्यवस्थापिका-संसद्को आइतबार भएको निर्वाचनमा नेकपा (एमाले)का अध्यक्ष ओली प्रधानमन्त्री पदमा निर्वाचित भएका थिए । उनी नेपालको संविधान जारी भएपछि प्रधानमन्त्री पदमा आशिन हुने पहिलो प्रधानमन्त्री भएका छन् ।

ोही समारोहमा राष्ट्रपति डा यादवले नवनिर्वाचित प्रधानमन्त्री ओलीको समुपस्थितिमा कमल थापा र विजयकुमार गच्छदारलाई उपप्रधानमन्त्रीको पद तथा गोपनीयताको शपथ गराए । नवनियुक्त उपप्रधानमन्त्री थापा राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालको अध्यक्ष हुन् भने गच्छदार मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) का अध्यक्ष हुन् ।

यसैबीच नवगठित मन्त्रि परिषद्मा मन्त्रालयको टुंगो लागेको छ । नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओलीले कमल थापालाई उपप्रधान सहित परराष्ट्र मन्त्रालयको जिम्मेवारी दिएका छन् । विजय गच्छदारले उपप्रधान मन्त्रीसहित भौतिक योजना तथा निर्माण मन्त्रीको जिम्मेवारी पाएका छन् । मंगलबार नै सपथ खाएका हरिबोल गजुरेललाई कृषि मन्त्रालयको जिम्मेवारी दिइएको छ । यस्तै, सोमप्रसाद पाण्डेलाई उद्योग र अग्नी खरेललाई कानुन मन्त्रालयको जिम्मेवारी दिइएको छ । रामकुमार सुब्बा र सत्यनारायण मण्डलले जिम्मेवारी पाउने मन्त्रालयको टुंगो लागिसकेको छैन् । प्रधानमन्त्रीसहित दुई उपप्रधान र ५ मन्त्रीले राष्ट्रपति रामवरण यादव

समक्ष सपथ ग्रहण गरेका हुन् ।

यसैबीच जीवनसंगिनी राधिका शाक्यसहित सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय छिर्दै गर्दा नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओलीको अनुहारमा थकान र तनावको मात्रा बढी देखिन्थ्यो । दुई महिनायता मधेसमा जारी संघर्ष र तीन सातायताको भारतीय नाकाबन्दी बीच नयाँ सत्तासमीकरण निर्माण गरेका उनी सायद त्यसैको दबाबमा थिए । देशको ३८ औं कार्यकारीको कुर्सी सम्हालेलगत्तै ओलीले मधेसमा जारी आन्दोलनको समाधान आफ्नो प्राथमिकतामा रहेको बताए । प्रधानमन्त्री कार्यालय सिंहदरबारमा पदभार ग्रहण गरेलगत्तै उनले विगतका सरकारभन्दा अलग छवि निर्माण गर्दै प्रस्तुत हुने संकेत दिए । 'संविधान स्वीकार गरेर नै उहाहरु हिजो चुनावमा सामेल हुनुभएको छ,' असन्तुष्ट मधेसी दलतर्फ संकेत गर्दै ओलीले भने,-'केही चासोहरु हल भइसकेका छन् । बाँकीलाई हामी सार्थक वार्ता र संवादबाट नै हल गर्न अग्रसर छौं ।'

ओलीको अध्यक्षतामा बसेको पहिलो मन्त्रिपरिषद् बैठकले देशभरिका विभिन्न जिल्लामा रहेका ३ सय ५० तुइनलाई दुई वर्षभित्र झोलुंगे पुलले विस्थापित गर्ने निर्णय गरेको छ । सोमबारै सरकारका प्रवक्ता घोषित कानुनमन्त्री अग्निप्रसाद खरेलले मन्त्रिपरिषद् बैठक निर्णय सुनाउँदै भने,-'विभिन्न जिल्लामा तारको सहायताले जोखिमपूर्ण यात्रा गरी ठूला नदी वारपार गर्नुपर्ने अवस्था अन्त्य गर्न यो निर्णय गरिएको हो ।' मन्त्रिपरिषद्ले झोलुंगे पुल निर्माणका लागि ३ अर्ब २५ करोड रुपैया लागत अनुमान गर्दै बजेट छुटयाउने निर्णय गरेको छ । इन्धन र पारवहनको अभाव पूर्ति गर्न अघिल्लो मन्त्रिपरिषद्ले बिहीबार परराष्ट्रमन्त्रीको नेतृत्वमा मूख्य सचिव सदस्य रहेको वार्ता संयोजनको जिम्मालाई ओली मन्त्रिपरिषद्ले निरन्तरता दिने भएको छ । नवनियुक्त परराष्ट्रमन्त्री कमल थापाले भारतसग संवादको अगुवाई गर्ने जानकारी प्रवक्ता खरेलले दिए । तर मधेसी मोर्चासग संवाद गर्न गठित तीन दलीय वार्ता कमिटीको जिम्मेवारी भने सरकारले नलिने जनाउ दिएको छ । वार्ता टोलीमा रहेका प्रवक्ता खरेलले भने, 'त्यो सरकारले गठन गरेको टोली होइन । तीन ठूला दलले गठन गरेको हो ।' तत्कालीन वनमन्त्री तथा कांग्रेस नेता महेश आचार्य, खरेल र एमाओवादी उपाध्यक्ष नारायणकाजी श्रेष्ठ रहेको वार्ता टोलीको पहलमा संविधान संशोधनको तयारी भएको थियो । मन्त्रिपरिषद्ले वार्ताको पहल लिने भने पनि संविधान संशोधनबारे केही उल्लेख गरेको छैन । यसैगरी सरकारले प्रशासनिक सुधारलाई प्राथमिकतामा राख्ने भएको छ । त्यस्तै भूकम्पपछिको पुनर्निर्माणका लागि गुरुयोजना बनाउने, त्यसअन्तर्गत सुरक्षित बस्ती विकास, आधुनिक सहर निर्माण र आवश्यकता हेरी परिवर्तन गर्नेसमेत निर्णय गरेको छ । शीतल निवासमा शपथ ग्रहणपछि प्रधानमन्त्री ओली लैनचउरस्थित सहिद स्मारक गई सहिदहरुप्रति सम्मान व्यक्त गरे । त्यसपछि सिंहदरबार आएर पदभार ग्रहण गरे । रातो मच्छिन्द्रनाथ जात्राको अन्तिम दिन जावलाखेल स्थित समारोहमा सहभागी भएपछि उनी चम्पादेवीस्थित पुष्पलाल पार्कमा गई पुष्पलालको प्रतिमामा माल्यार्पण गरे । फर्केर पुरानो पार्टी मुख्यालय बल्खुस्थित मदन भण्डारीको शालिकमा झुकेर श्रद्धा अर्पण गरे ।

यसेबीच चिनियाँ प्रधानमन्त्री लि खछ्यिाङले प्रधानमन्त्री केपी शर्मा ओली प्रधानमन्त्री नियुक्त भएकोमा 'हृदयदेखि बधाई दिंदै'

बाँकी अन्तिम पृष्ठमा......

पोखरामा क्रियाशील लायनहरूबीच शुभकामना आदान-प्रदान
पक्षे अस्पतालका ६० सुत्केरीलाई हर्लिक्स

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असोज ।

पोखरामा क्रियाशील सबै लायन्स तथा लियो क्लवहरुको आयोजनामा पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा पोखरामा रहेको लायन्स पार्कमा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ । समग्र नेपालीहरुको महान पर्व दशैं, तिहार, छट लगायतका महान पर्वहरुको अवसर पारी सोमबार पोखराका क्लवहरुले संयुक्त रुपमा सो कार्यक्रमको आयोजना गरेका थिए । अस्पतालमा रहेका ६० जना सुत्केरी महिलाहरुलाई एक-एक वटा हर्लिक्स प्रदान गरी कार्यक्रमको उद्घाटन गर्दै लायन्स क्लव इन्टरनेशनल ३२५ बी १ नेपालका डिष्ट्रिक्ट गभर्नर धुव्र थापाले लायन्सहरुले समाज सेवाका लागि विभिन्न सामाजिक कार्यहरु गरेको बताए । उनले आगामी दिनहरुमा पनि सामाजिक कार्यहरुमा सक्रिय सहभागिताको लागि निर्देशन दिए । नजिकिंदै गरेको विजयादशमी र दीपावलिको शुभकामना व्यक्त गर्दै गभर्नर थापाले डिष्ट्रिक्टद्वारा अगाडि सारिएका बार्षिक कार्यक्रमहरु मध्ये तीन महिनाको छोटो अवधिमा धेरै कार्यहरु सम्पन्न भएको जानकामरी दिए। पूर्व मल्टिपल काउन्सिल चियर पर्सनद्वय दिपक श्रेष्ठ र प्रेम बहादुर श्रेष्ठले विजयादशमी तथा दीपावलीको शुभकामना आदान-प्रदान कार्यक्रम बाट मिलेको आशिर्वादले

हामी सवै लायन्सहरुलाई समाज सेवाको कार्य गर्न थप हौसला र उर्जा मिल्ने भन्दै लायनहरु समाज सेवाका लागि हालेमालो गरेर अडि बढ्नुपर्नेमा जोड दिएका थिए ।

अस्पताल परिसरमा रहेको लायन्स पार्कमा आयोजित कार्यक्रमा द्वितीय भाईस गभर्नर धनराज आचार्यले जब लायन्सहरु अस्पताल विकास समितिमा नियुक्ति भएर आउँछन सो समयमा अस्पतालले मुहार फेरेको अनुभुति हुने बताए । उनले समितिका पूर्व अध्यक्ष गणेश बहादुर श्रेष्ठ र वर्तमान सदस्य तीर्थलाल श्रेष्ठको कार्यको प्रशंसा गरेका थिए । सो कार्यक्रममा पूर्व डिष्ट्रिक्ट गभर्नर योगेन्द्र प्रधानले सवैले आफ्नो जिम्मेवारी अनुसार मिलेर कार्य गर्ने हो भने सफलता हात लाग्ने बताए । डिष्ट्रिक्ट ट्रि प्लानटेसन कमिटीका चियर पर्सन तीर्थ बहादुर बस्नेतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्याबिनेट सेक्रेटरी विश्वेश्वर आचार्य, रिजन चियर पर्सन पदम वन्दु पोखरेल, जोनचियर पर्सन चूडामणि बराल, समर्पण लायन्स क्लवकी अध्यक्ष आभा जोशी, लायन्स क्लव अफ पोखरा चौतारीका अध्यक्ष विमल बसेल एवं मन्जु पन्त लगायतले समेत आ-आफ्नो भनाइ राखेका थिए । कार्यक्रममा स्वागत मन्तब्य एरिया चिफ को-अर्डिनेटर तीर्थलाल श्रेष्ठ र सञ्चालन लायन्स क्लव अफ पोखरा पिस सिटीका अध्यक्ष टंकराज अधिकारीले गरेका थिए ।

सो अवसरमा लायन्स पार्क पुनर्निर्माणमा आर्थिक सहयोग गरेका लायन्स क्लव अफ पोखरा चौतारीका अध्यक्ष बिमल बसेललाई सम्मान गरिएको थियो । ६० सुत्केरी महिलालाई वितरित हर्लिक्स कार्यक्रमका अध्यक्ष एवं डिष्ट्रिक्ट ट्रि प्लानटेसन कमिटीका चियर पर्सन तीर्थ वहादुर बस्नेतले व्यक्तिगत रुपमा हर्लिक्स उपलब्ध गराएको बताइन्छ ।

ट्रेड मलको शुभारम्भ आज

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असोज ।

पश्चिमाञ्चलकै अत्याधुनिक सुविधा सम्पन्न पोखरा ट्रेड मल मंगलबारबाट शुभारम्भ हुदैछ । ट्रेड मलको औपचारिक उद्घाटन आज नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुबेदीले गर्ने पोखरा ट्रेड मलका प्रवन्ध निर्देशक मीनराज काफ्लेले जानकारी दिए । एक अर्ब रूपैयाँ भन्दा बढी लगानी रहेको ट्रेड मलमा ५ सय ३ वटा सटर छन् । २०६९ चैत ५ गते निर्माण शुरु गरिएको भवन अत्याधुनिक प्रविधिबाट बनाइएको काफ्लेले बताए । प्राविधिक हिसावले माटो परीक्षण गरी परीक्षणको प्रतिवेदनको आधारमा भवनको स्टक्चरल डिजाइन गरी भवन निर्माण गरिएको अध्यक्ष विन्दुकुमार थापाले जानकारी दिए । 'यो भवन ८ दशमवल ५ रेक्टरस्केलको भूकम्प प्रतिरोधात्मक छ,' उनले भने,-'फायर फाइटिङको व्यवस्था पनि छ ।' भवनमा डिटेक्टरको व्यवस्था, विद्युतीय भऱ्याङ, लिफ्टको सुविधा पनि छ । 'अत्याधुनिक सुविधा सम्पन्न भवन निर्माण गरी धेरै व्यवसायीलाई एकत्रित गर्न हामी सफल भएका छौं,' उनले भने । भवनमा ६५ जनाको शेयर रहेको उनले जानकारी दिए ।

पोखराको मुख्य बजार चिप्लेढुंगादेखि न्यूरोडसम्म साढे ६ रोपनी जग्गामा फैलिएको ट्रेड मलले पोखरालाई व्यवसायिक रुपमा चिनाउन सफल हुने विश्वास गरिएको छ । पोखरामा अत्याधुनिक सुविधा सम्पन्न ट्रेड मलको आवश्यकता महसुस गरेर लगानी गरेको अध्यक्ष थापाले बताए । ट्रेड मलमा रहेका सटरहरु मध्ये ४ सय १० वटा व्यवसायिक प्रयोजनका छन् । ९३ वटा सटरहरु विभिन्न कार्यालय, व्यवसायिक प्रतिष्ठानका लागि गोदाम र चमेना गृहका लागि छुट्याइएको संचालक सन्तोष घिमिरेले जानकारी दिए । भवनको माथिल्लो भागमा रेष्टुरेन्ट सञ्चालनमा ल्याइएको छ ।

पोखरा बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेडको
अत्यन्त जरुरी सूचना

यस पोखरा बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेडको प्रथम साधारणसभा निम्न मिति, समय र स्थानमा हुन गइरहेको हुँदा सम्पूर्ण शेयरधनी सदस्यमहानुभावहरुलाई यसअघि नै पत्र पठाईसकिएको छ । कथंकदाचित पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानि साधारणसभामा सहभागिताका लागि हार्दिक अनुरोध गरिन्छ ।

कार्यक्रम
मिति : २०७२ असोज २६ गते मंगलबार
समय : बिहान ९:०० बजे
स्थान : न्यू एरा पार्टी प्यालेस, जिरो किमी, पोखरा
सम्पर्क : ०६१–५४०७७०

हार्दिक निमन्त्रणा

सुन्दर नगरी पोखराको चिप्लेढुङ्गामा नवनिर्मित पहिलो सुविधा सम्पन्न विशाल व्यवसायिक भवन '**पोखरा ट्रेड मल**' को **समुदघाटन तथा शुभारम्भ कार्यक्रम** आज बिहान ११ बजे नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न हुन गईरहेको हुँदा उक्त समारोहमा सम्पूर्ण उद्योगी, व्यवसायी तथा शुभचिन्तक महानुभावहरुलाई उपस्थितीका लागि **हार्दिक आमन्त्रण** गर्दछौं ।

साथै नजिकिदै गरेको हिन्दुहरुको महान चाड वडा दशै तथा शुभ दिपावली २०७२ को उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

विन्दु कुमार थापा
अध्यक्ष

POKHARA TRADE MALL
चिप्लेढुङ्गा, पोखरा
फोन : ०६१–५३१५५३, ५३४६३२

"A Complete Business Complex"

ववित टेलरिङ एण्ड सर्टिङ-सुटिङ

विगत १८ वर्षदेखि म्याग्दी जिल्लाको बेनीबजारमा संचालित बबिन टेलरिङ एण्ड सर्टिङ–सुटिङको शाखा पोखराको न्यूरोडस्थित भाटभटेनी सुपर मार्केटको आडमा पनि । विभिन्न ब्राण्ड र आकर्षक डिजाइनमा सुपथ मूल्यमा सर्टिङ–सुटिङका लागि एकपटक पुग्नैपर्ने ठाउँ ।

हाम्रो बाबाले सधैं बबिन टेलरिङमा सिलाउनुहुन्छ
BABIN TAILORING & Shirting Suiting
HeadOffice: Hulak Chowk, Myagdi, Beni, Tel.: 069-520760
Branch: Newroad, Pokhara, Tel.: 061-527420
Email: babiinbagdash@yahoo.com,
Web: www.babintailors.com

■ पुरानो कोट लगाउ र नयाँ पुस्तक किन ।

- थोरो

सम्पादकीय . .

ओलीबाट पलाएको आशा

एमाले अध्यक्ष केपी ओलीले प्रधानमन्त्रीको सपथ ग्रहण गर्दै पदभार सम्हालेका छन् । नयाँ गणतान्त्रिक संबिधान जारी भएपछिका पहिला प्रधानमन्त्री भएका कारण अब संबिधानको अभ्यासलाई अगाडि बढाउने अभिभारा उनको काँधमा आएको छ । यो अभिभारा निर्वाह गर्ने क्रममा उनले प्राविधिक प्रतिनिधि पात्रका रुपमा मात्र आफूलाई प्रस्तुत गरेमा संविधानको मर्ममाथि प्रहार हुँदै जाने छ र यो संविधानसंग गरिएको अपेक्षा पुरा नहुन सक्छ । संबिधानको अभ्यास गर्दै सरकार सञ्चालनका समयमा उनले संबिधानको मर्म, भावना र त्यसले निर्दिष्ट गरेको लक्ष्य प्राप्तीको मार्गलाई पछ्याउने कुरालाई आत्मसात गर्ने सकेमा मात्र उनी पनि सफल हुने छन् र संबिधानको सकारात्मकताको उपयोग गर्दै देशलाई संविधानले अपेक्षा गरेबमोजिम अगाडि बढाउन सकिन्छ । संविधानले नयाँ संस्कृति निर्माण गर्न सक्नुपर्छ । संविधानका अक्षरहरुको व्याख्या गर्दै आफ्नो अनुकुलतामा व्याख्या गर्ने परम्पराले संविधानको आत्मालाई कमजोर बनाउछ र संविधान क्रमश: खोक्रो बन्दै जान्छ । ०७ सालको क्रान्तिको पूर्वाधार तयार गरिंदै गर्दा संविधानसभा मार्फत संविधान बनाएर मुलुक सञ्चालन गर्ने भन्ने एजेण्डा तय भएको थियो । यो ऐजेण्डा बल्ल पुरा भएको छ । जनताले संबिधान बनाउनैका लागि भनेर निर्वाचित गरेको संविधानसभाले नयाँ संविधान बनाएको छ । त्यो संविधानमा जनताको अपनत्व जोडिएको छ । संविधानले आफूहरुलाई सम्बोधन गर्न नसकेको भनेर एकथरी सडकमा छन् । संविधान संशोधन मार्फत उनीहरुलाई समेत संवोधन गरी सबै नागरिकले संविधानमा अपनत्व महसूस गर्ने परिस्थिति निर्माण गर्ने काम अझै बाँकी छ । सर्वप्रथम यो दायित्व पुरा गरी संविधानलाई आफ्नो अनुकुलतामा व्याख्या नगरी त्यसको मर्म र भावनालाई पछ्याउने नविन संस्कृतिको थालनी गर्नु यतिबेला केपी ओली नेतृत्वको सरकारको दायित्व हो । यो दायित्व निर्वाहमा ओली कति सफल हुन्छन्, त्यसले देशलाई उनले सकारात्मक बाटो देखाउछन् कि जन्जालमै राखिराख्छन् भन्ने कुराको निर्धारण हुने छ । यो कुराको पहिलो परीक्षण मन्त्रीमण्डल गठनका सन्दर्भमा नै देखिने छ । संविधानमा संघीय नेपालको मन्त्रीमण्डल २५ सदस्यीय हुने व्यवस्था गरिएको छ । तर, प्रादेशिक सरकार नबनिसकेकाले संघीय सरकारका रुपमा यो सरकार नहुने हुँदा त्यो प्रावधान बाध्यकारी हुने छैन भन्ने तर्क केही 'विद्धान'हरुले गरेको सुन्नमा आएको छ । ओली पनि यही तर्कलाई समातेर संयुक्त सरकार सञ्चालनका बाध्यता भन्दै २५ भन्दा ठूलो आकारको मन्त्रीपरिषद बनाउन उद्दत भएभने उनको असफलताको कडीको शुरुवात त भएको मान्न सकिन्छ नै, संगसंगै नयाँ संबिधानको मर्ममाथि प्रहार गर्दै संविधानलाई आफ्नो अनुकुलतामा व्याख्या गर्ने परम्पराको थालनी पनि हुन जान्छ । यो त, एउटा उदाहरण मात्र हो । गणतन्त्रको अभ्यासको शुरुवात भएकाले राष्ट्रपतिसंगको सम्बन्ध, संघीयताको अभ्यास भएकाले प्रादेशिक सरकारहरुसंगको सम्बन्ध, सीमा निर्धारणमा संघीय सरकारको कुन तहसम्मको संलग्नता रहने, धर्म निरपेक्षताको अभ्यासका क्रममा धर्म परिवर्तन गराउँदै हिंड्नेलाई के गर्ने भन्ने जस्ता विलकुल नयाँ विषयहरु यतिबेला जोडिएर आएका छन् । यी विषयहरुमा संविधानका अक्षर वा शब्दको व्याख्या गर्ने कि संविधानको मूल मर्म के हो भन्ने कुरालाई हेरेर काम गर्ने ? यी कुराहरुमा ओलीले कुन बाटो पछ्याउछन् भन्ने कुराले यो संविधानले अपेक्षित नयाँ संस्कृतिको थालनी गर्छ कि गर्दैन भन्ने कुराको सन्देश दिने छ । नवनियुक्त प्रधानमन्त्री ओली संविधान निर्माणको क्रममा पनि संलग्न नेता हुन् । यसप्रकारको गणतन्त्रात्मक लोकतान्त्रिक संबिधान निर्माणको संघर्षमा सामेल एक नेता पनि हुन् । यो संबिधानको मर्मसंग उनी साक्षात्कार पनि छन् । त्यसकारण यो तहको नेताले नयाँ संबिधानको कार्यान्वयनको अगुवाई गरिरहँदा संविधानको मर्मलाई प्राथमिकता दिन्छन् र नयाँ संविधानको अभ्याससंगै देशमा नयाँ संस्कृतिको विकास गर्छन् भन्ने विश्वास गर्न सकिन्छ ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल आश्विन २६ गते मंगलबार, तदनुसार अक्टुवर १३ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३५, कीलकनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार आश्विनकृष्ण (पितृ) पक्ष चलिरहेको छ । सौरमान अनुसार आज आश्विनकृष्ण (पितृ) पक्षको अमावश्य तिथि ४५ घटि ३४ पला अर्थात रातिमा १२ बजेर १५ मिनेटसम्म त्यसउप्रान्त प्रतिपदा तिथि लाग्नेछ । आज सूर्य कन्या राशिमा, चन्द्रमा सिंह राशिमा अहोरात्र रहनेछ । आज दिनमान २९ घटि ४ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर २ मिनेटमा जयदेव मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ३९ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : पारिवारिक जमघट बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, गरेको प्रयास सार्थक रहनेछ दिन शुभ छ उपयोग गर्नुहोला ।

वृष : यशकृति बढ्ने, शतुमाथि विजय हासिल, घरमा नयाँ मान्छेको आगामन हुनेछ, दिन सुखद् बित्नेछ ।

मिथुन : गर्न खोजेको काम विफल हुनेछन, मनमा अशान्ति छाउने, स्वास्थ्यमा एक्कासी गडबढी आउन सक्नेछ सर्तक हुनुहोला ।

कर्कट : विरोधीहरू सक्रिय हुनेछन्, अपजस आईलाग्ने, अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ छैन चनाखो रहनुहोला ।

सिंह : सबै क्षेत्रबाट लाभ पाइन सक्ने, आर्थिक समस्याको समाधान हुने, नविन कार्यको थालनी गर्दा राम्रो, दिन शुभ रहेको छ ।

कन्या : आटेजति काम गर्न असफल, अफन्तबाट विरोध आउनेछ, व्यापारमा मन्दी आउने, दिन सामान्य रहेको छ ।

तुला : आफन्तजनसंग मनमुटाव हुन सक्ला, मन चञ्चल रहने, पेटवा कम्मरको रोग लाग्ने, चिन्ता पर्ने खवर प्राप्त होला ।

वृश्चिक : मानसिक पीडा थपिने, मानहानी, आफन्तबाट धोका हुन सक्ने, आम्दानीका श्रोतहरू घट्नेछन् नआतिनु होला ।

धनु : टाढाबाट धन प्राप्त हुन सक्नेछ, प्रियतम भ्टघाट हुनेछ, धार्मिक क्षेत्रबाट लाभ पाइनेछ, स्वास्थ्य राम्रो रहेछ ।

मकर : नयाँ ठाँउमा जाँदा आदरसत्कार पाइने, नयाँ क्षेत्रमा गरेको लगानीबाट मनग्य आम्दानी, दिन अत्यन्त राम्रो छ ।

कुम्भ : सरकारी कार्य असफल हुन सक्छ, मुद्दा मामिलामा हात नहाल्नुहोला, इज्जतमा आँच आउन सक्नेछ ।

मीन : चोटपटकको भय, टाढाको यात्रा असफल हुनेछ जोगिनुहोला, नास्तिक विचारले सताउनेछ, समय खराव रहेको छ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

'भारतभक्त सुशील हारे, विरोधी ओली जिते'

नवनिर्वाचित प्रधानमन्त्री केपी ओलीले तत्काल सबै पक्षसँग वार्ता गरी देशमा विद्यमान समस्या समाधानको प्रयास थाल्ने बताए । प्रधानमन्त्रीमा निर्वाचित भएलगत्तै संसद भवनबाट बाहिरिनेक्रममा संचारकर्मीसंग ओलीले तराई मधेशमा जारी आन्दोलन, संविधान संशोधन र आपूर्ति व्यवस्था सहज बनाउने विषयमा नेपाली काँग्रेससँग समेत छलफल गरी अघि बढ्ने धारणा राखे । ओलीले नयाँ संविधानको प्रभावकारी कार्यान्वयनमा सबै पक्षको सहयोग प्राप्त हुने विश्वास समेत गरे । मधेशी आदिवासी, जनजाती लगायत सबै असन्तुष्ट दलहरुसँग वार्ता गरी समाधान खोज्ने ओलीको दृढता छ । मुलुकको ३८ औं प्रधानमन्त्री बन्न ओलीलाई जति कसरत र समय लाग्यो त्यो उनको राष्ट्रवादकै उपज हो । तर, उनले भन्ने गरेको भावनाको बगाई जति उनकै पक्षमा बाढी बनेर आयो त्यो बाढीको चपेटामा ओली नपरुन् शुभकामना ! गरिब नेता, सामान्य लेखपढ र राष्ट्रवादको छवि भावनामा मात्रै नबनोस् । उनले बोल्ने गरेका कयौं तर्कहरु कुतर्क नबनुन् । उनी प्रधानमन्त्री बन्नु अघि र पछि थुप्रै भावनात्मक राष्ट्रवादका अभिव्यक्तिहरु र स्वरहरु गुन्जिएका छन् । १६ दलको समर्थन जुटाएर प्रधानमन्त्री बनेका ओलीका लागि भावनात्मक राष्ट्रवादले तत्काल या दिर्घकालको सम्बन्धको खोजि गरिरहेको छ । हिजो सिमाङ्कनकै विषयमा दलहरुबीच सहमतिको बहस चलिरहेकै समयमा मधेस केन्द्रित दललाई भारतसंगै मिल्नुस् भनेकै चोट देशले भोगिरहेको सम्झैरै आज ओलीले प्रधानमन्त्री निर्वाचित भएलगत्तै मधेशको मुद्दा सुल्झाउने प्रण गरेको हुनु पर्दछ । अहिले जो कोहीले त्यही बुझिरहेका छन् । किन की माहोल उनकै पक्षमा छ । राष्ट्रियता जोगाउने जिम्मा उनकै काँधमा आएको छ । कयौं टुइटे, चिया गफे आदी इत्यादीले कांग्रेसलाई काथर भनेका छन् । भारतको भक्त भनेका छन् । यो कुन बगाई हो ? भावनात्मक वा यथार्थ ! यसको प्रमाणिकरण र राष्ट्रवादको सादगी जोगाउने चुनौती ओलीलाई छ । ओली विभिन्न सीमासंग जुध्नु पर्ने छ । ती सीमासंग जुध्नु भनेको जीवनसँग खतरा मोल्नु हो । राजनीतिनै जीवन सम्झेका ओली भित्रदेखि कति बलियो छन् भन्ने परिक्षा लिँदैछन् धेरैले । अझ बढी छिमेकीले । झन्डै पछिल्लो पाँच दशक उनी राजनीतिप्रति सधैं सचेत र स्वास्थ्यसँग सधैं लापरबाह देखिएका छन् । उनलाई देशको चिन्ता छ । सिंहदरबारमा फोटो टाँस्नकै लागि प्रधानमन्त्रीको उम्मेद्वारी नदिएको बताउने ओली झन्डै ५० वर्षअघि राजनीतिक संघर्षले जन्माएको पार्टीको शिखर नेतृत्वमा चढ्नेबित्तिकै गत वर्ष उनका आँखा सिंहदरबारमा एकनासले अडिए । त्यो गहिरो सोच पुरा गर्न उनले धेरै कुर्न परेन पनि । एक वर्षपछि उनले सोचेको सिंहदरबारको लक्ष्य भेदन गरि छाडे ।

नेपाली लोकतन्त्रको विशिष्ट पक्ष या मौलिकता ! संसारमा विरलै होला । अति सामान्य पृष्ठभूमिका व्यक्तिलाई उच्च शिखरमा सजिलै प्रवेश छ । यो नेपाली लोकतन्त्रको जित पनि हो । तर, यसअघिका विभिन्न सरकार संचालकहरुका पनि यस्तै कैयन व्यक्तिगत जीवनबारे चर्चा हुने गरेको थियो । ती व्यक्तिका अति सामान्य दिनचर्या, त्याग र समर्पणबारे पनि यही भावनामा बग्ने नेपाली समाजले गाएकै हो । फेरि पनि एक त्यागि पुरुषको जीवन गाथा गाईरहेको छ- भावनामा बग्ने नेपाली समाजले । एउटा सत्य भित्र अनेकौं तथ्यहरु लुकेका हुन्छन् । ओली तेह्रथुममा सामान्य परिवारमा जन्मिए । पछि झापा सरे । त्यो उनको विगत हो । अहिले बालकोटको बसाइ, रहनसहन, आय-व्यय र सम्बन्धहरू सामान्य परिवारको दायरामा अटाउँदैनन् र उनको पहिलेको ख्याउटे अनुहार निकै पोटिलो छ । लामो भूमिगत राजनीति, १४ वर्ष लामो जेल जीवनको कष्ट सहेर २०४६ सालमा खुला राजनीतिमा आएपछि २५ वर्षमा झापाका क्रान्तिकारी कम्युनिष्ट युवा खड्गप्रसाद ओली लोकतन्त्रवादी र व्यवहारवादी नेता केपी ओलीमा रुपान्तरित भइसकेका छन् ।

यथास्थानमा रुपान्तरण हुँदैन पनि । ओलीले धेरै सामाजिक, आर्थिक र राजनीतिक सम्बन्ध मुलुकभित्र र बाहिर स्थापित भइसकेका छन् । ती विविध पाटाहरुमध्ये एउटा हो, भारतसँगको सम्बन्ध । हिजो भारतसंगको सम्बन्धले पार्टीभित्र छुच्चा ठहरिने ओली आज कसरी राष्ट्रवादी भए ? यसको जवाफ अब आम टिप्पणीकारहरुले दिनै पर्दछ । हिजो अँध्यारो कोठामा भारतीय गुप्तचर संस्था 'रअ' का एजेन्टलाई भेट्दा उनी व्यवहारवादी र राष्ट्रवादी बन्न सकेनन् । अध्यारोकोठाका सम्वादमा हुन त उनी मात्रै एक्लो नेपाली राजनीतिज्ञ थिएनन् । ओली र भारतीय गुप्तचर संस्था 'रअ' प्रमुख सञ्जीव त्रिपाठी तथा तत्कालीन काठमाडौं स्टेसन प्रमुख पिटर हनामानबीचको एउटा अँध्यारो कोठाको भेटबाट सुरु हुन्छ ।

पत्रकार सुधीर शर्माको पुस्तक प्रयोगशाला पल्टाएर हेर्दा भेटिन्छन् यी शब्दावली ! अँध्यारो कोठामा भारतीय गुप्तचरलाई भेट्ने र मोलतोल गर्ने नेपाली राजनीतिज्ञले के कस्तो सम्बन्ध बनाउँछन् त्यसको लेखाजोखा नेपाली राजनीतिले राख्न निकै असम्भव कुरा । फेरि कुनै सयम यस्तो सम्म भयो कि ओलीको भारत सम्बन्ध गोप्य कोठामा अटाउन सकेन । खुल्लम खुल्ला पनि निकै समय चल्यो उनको राजनीतिक चक्र । ट्वीटर, फेसबुक र सडकमा छताछुल्ल गाली गर्ने राष्ट्रवादी नेपालीहरुले अझ सम्झिने हो भने, खिलराज रेग्मीको निर्दलीय सरकारलाई सुरुमा नाइ नास्ती गर्ने ओली दुई दिनपछि लाइनमा आए । रेग्मीलाई अन्तरिम मन्त्रिपरिषदको अध्यक्ष बनाउने क्रममा सुरुमा खरो विरोध गरे । दुई दिनभित्र उक्त प्रस्तावको जननीले सम्झायो र उनी छाँगाबाट खसे । एक वर्ष अघि मात्रै पार्टी अध्यक्ष बन्नु अघि सार्वजनिक कार्यक्रममै ओलीले-'भारतसँगका हाम्रा समस्या समाप्त सकिए, अब सम्भावनै सम्भावना मात्र बाँकी छन् ।'-भनेको पनि सम्झिन जरुरी छ । अर्को तिर, ओलीलाई बोकेर हिंडिरहेका एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल पनि निर्दलिय सरकारको प्रस्तावकसंग निकै झाँगिएर बसेकै हुन् । नभए त्यो सम्भव थिएन । भारतसँगको सम्बन्धको जटिलता आमनेपालीले अहिले भोगिरहेका छन् पनि ! साइकल चढ्ने अभिव्यक्ति दिएर फोस्रो राष्ट्रवाद दुई हप्तामै प्रष्ट भयो । भारतीय नाकाबन्दी र पुष्पकमल दाहालको साइकल चढ्ने अभिव्यक्तिको सार तत्व पनि चातुर्यमा परिणत भयो । अन्तत: दुवै सत्ताको यात्रामा सफल भए । सम्झिन मन छ, भने संविधान जारी गर्नु केही दिन पहिले ओलीले छिमेकी भारत र चिनमा विशेष दूत पठाए । उनले दूत पठाएको केही दिनमै भारतीय दूत नेपाल आए । संविधान जारी रोकिएन । जहाँ कांग्रेसको कुनै अवरोध देखिएन । सुन्नमा पनि आएन । दूत पठाउने बोलाउने अर्थात सल्लाह लिने कुरा गरेको पनि देखिएन । कसैलले हल्ला गरेनन् पनि । संविधान जारी भयो । भारतले मौन नाटक रच्यो । नाकाबन्दी भयो । मधेस आन्दोलन चर्कियो । सबै एकै पटक भयो । यो कसरी सम्भव हुन्छ ? कांग्रेसले ओलीलाई असहयोग गरेर प्रधानमन्त्री खानकै लागि गरेको भन्ने एकोहोरो बुझाईको जाल कस्ले फ्याँक्यो ? कांग्रेस र सुशील कोइरालालाई गाली गर्न छुट छ ।

तर, तथ्य कुरा के हो ? बुझ्न पर्दैन । कसैको प्रोफाइल सेतो बनाउन कसैले गाउनु पर्ने यो कस्तो परम्परा ? ओलीले नाकाबन्दीकै बीचमा सहजकर्ताको रुपमा विनोद चौधरीलाई पनि भारत पठाए । उनले भारतीय पक्षसंगको भेट गुमनाम गरे । त्यसअघि गएका युवराज बास्कोटा र प्रदिप ज्ञवालीको भेटबारे त्यति धेरै चर्चा समेत भएन । जसरी अहिले कांग्रेसविरुद्ध प्रहार भयो । पार्टीभित्रबाट वा बाहिरबाट ! यहाँ कांग्रेसको पक्ष लिएर भन्न खोजिएको पनि होइन । सवाल भारतसंग सुशील विक्ने र प्रधानमन्त्रीको निर्वाचनमा होमिने गतल प्रचारको हो । कांग्रेसभित्रकै कयौं नेता संसदमा निर्वाचन हुँदा विभिन्न मुद्रामा देखिए । महामन्त्री कृष्ण सिटौला निकै हर्षित देखिन्थे र प्रफुल्ल थिए । तीन सांसद समयलाई नै भुलेर ढोका बन्द भएपछि संसद भवन पुगे । प्रस्तावक शेरवहादुर देउवा र समर्थक रामचन्द्र पौडेलले लोकतन्त्रका उदाहरणले सान्त्वना दिन खाजे । तर, माहोल पहिले नै भावनात्मक राष्ट्रवादतिर धकेलिएको भेउ समेत पाएनन् । कस्को छ भारतसंग बढी सम्बन्ध ? अघोषित नाकाबन्दीले मुलुक थलिँदा सरकारले केही गरेन भन्न रुचाउने राष्ट्रवादीहरुले विकल्पको बाटो खोजेर जनजीवन सहज बनाउन चाहेनन् । यतिका दिन सम्म छिमेकी सरकार प्रमुखको फोन उठाउन फुर्सद नहुने छिमेकीले सबैभन्दा अघि बधाई दिए । त्यतिमात्र होइन भ्रमणको निम्ता समेत बधाईसंगै दिन भ्याए । हुन त त्यो असल छिमेकीको नाताले गर्नै पर्ने पनि हुन सक्छ । तर, सुशील कोइराला विकेर कमाएको इमान फाल्न उद्दत भएको भन्ने तर्कहरुको कुनै तुक छैन ।

हिजो ओली र कृष्ण सिटौलाको जस्तो सम्धन्ध कांग्रेस आईसंग थियो त्यस्तो सम्बन्ध अहिले पनि छ । र विजेपीको विरोध पनि गर्न सक्दैनन् उनीहरु । हिजो शेरबहादुर देउवाको जति राज चल्थ्यो आज उतिकै चल्छ पनि । कस्लाई मान्ने भारतको भक्त ? कहिले सम्म हामी भावनामा बग्छौं । हिजो भावनामा बग्नेहरुको आन्दोलनको तुक छैन भन्नेहरुले आज मेधसको समस्या कसरी सुल्झाउन सक्छन् । संविधान संशोधनको जटिलताका विषयमा कांग्रेससंग सहकार्य गर्न पर्दैन । कसरी हुन्छ संशोधन ? किन यी जटिलता बारे लेखेनन् ? कसैको पक्षमा माहोल बनाउने पिध पत्रकारहरुले । विषयको गाम्भीर्यता र देश कालबारे आँकलन नगरी हावामा दौडिने पत्रकारितालाई विश्वास गर्ने नेपाली समाजले राष्ट्रियताका कुरा गर्नु निमको रुखमा झटारो हान्नु जस्तै हो । सत्ता लोलुपताकै लागि सरकारमा होमिएका कमल थापा, विजय कुमार गच्छदार, सर्वेन्द्रनाथ शुल्क आदी इत्यादी सबैलाई भाग बन्डा गर्दा पनि त ओलीलाई चुनौती नै छ । उनले अपेक्षा नै नगरेका दलहरुलाई ल्याएर सरकार बनाउने चातुर्यता प्रमाणित गरेर देखाए । बैरीहरुले एक साथ भने, 'भारत भक्त सुशील हारे, विरोधी ओली जिते' र उत्सव मनाए । राष्ट्रवादको एजेण्डा प्रमाणित गर्न ओलीले समय सुरु भइसकेको छ ।

(सभार : हाम्रा कुरा)

चण्डी मन्दिरमा दशैं पूजा तयारी

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असोज ।

पोखरा उपमहानगरपालिका ९ दरबारथोक मार्ग ३ स्थित चण्डी मन्दिरमा भव्य दशै पूजा गरिने भएको छ । आज मंगलबार २६ गतेबाट कार्तिक ४ गतेसम्म यस्तो पूजा गरिन लागेको हो । कार्यक्रम अन्तर्गत लगातार पूजा, भजन कृतन लगायतका गतिविधि हुने छन् । कलस यात्रा भने पहिलो दिने विहान ७ वजे सुरु हुने नवदुर्गा पूजा मूल आयोजक समितिका संयोजक गंगामाया सुवेदीले जानकारी दिइन् । दशैं नजिकिंदै गर्दा विभिन्न मन्दिरहरुमा देवदेवीका मूर्तिहरु बनाउने चटारो पनि बढ्न थालेको छ । चण्डी मन्दिरमा पनि देवदेवीका नवनिर्मित मुर्तिलाई सिंगारपटार गरी सजाएर राखिएको छ । धर्म, संस्कृति र परम्पराका माध्यमबाट समाजलाई आध्यात्मिक मार्गतर्फ अग्रसर गराउने उद्देश्यले मन्दिरमा यसप्रकारका गतिविधि गर्न लागिएको चण्डीमाई सेवा समितिका अध्यक्ष तेजवहादुर भुजेलले जानकारी दिए । चण्डीमाई देवी निकै शक्तिशाली रहेको र खडेरी परेको समयमा पानी माग्दा बर्षा भएको विगतको इतिहास समेत रहेको चण्डीमाई सेवा समितिका सदस्य पूर्ण भुजेलले जानकारी दिए ।

आफ्नो वरपर रहेका देवीदेवताको विधिपूर्वक पूजापाठ गर्दा त्यसप्रति समर्पित भक्तजनको गृहस्थ समस्याहरु समाधान हुने र महत्वाकांक्षा पूरा हुने विश्वास यस क्षेत्रमा रहेको छ । पोखरा उपमहानगरपालिका नयाँ बजार स्थित क्षेत्रीय संग्रहालयको आडमा रहेको घुमाउने चौतारी नजिक विक्रम सम्वत् १९१५ मा चण्डीमाई देवीको पूजाआरधना गरिंदै आएको इतिहास भएकोमा विक्रम सम्वत् १९७५ मा पुरानो कर कार्यालय अर्थात् हालको अख्तियार कार्यालय रहेको स्थानमा देवीलाई सारिएको थियो । तर पछिल्लोपटक २०१६ सालमा दरबारथोक मार्ग ३ मा देवीलाई पुन: सारिएको हो । वडा नम्वर ९, ८ र ४ का भक्तजनको भीड बढी मात्रामा यो मन्दिरमा लाग्दै आएको छ । मन्दिरमा वैशाख १ गते हरेक वर्ष विशेष पूजा हुने गरेको छ ।

न्यूरोड चौतारी लायन्सको पिस पोष्टर

पोखरा २५ असोज ।(गोल्डेन)

लायन्स क्लव अफ पोखरा न्यूरोड चौतारीले पोखराको बिरौटा स्थित रहेको शान्ति निकेतन हाईयर सेकेन्डरी स्कूलमा पिस पोस्टर प्रतियोगित सम्पन्न गरेको छ । विद्यार्थीमा रहेको क्षमता प्रतियोगितामार्फत प्रतिस्पर्धी गराएर विद्यार्थीमा रहेको प्रतिभा र क्षमताको विकास गर्ने उद्देश्यले क्लवले सो कार्यक्रमको आयोजना गरेको हो । 'शान्ति बाँडौं' शीर्षक अन्तर्गत भएको प्रतियोगितामा करिव ११ देखि १३ बर्षसम्म उमेर समूहका १६ जना विद्यार्थीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा शान्ति निकेतन हाईयर सेकेन्डरी स्कूलका नितु शाही प्रथम स्थान हासिल गरेका छन । भने द्वितीय प्रेङ्का गुरुङ्ग र तृतीय स्थान करन अधिकारीले हासिल गरेका छन । विश्वका करिव २ सय ८ वटा मुलुकहरुमा रहेका ११ देखि १३ बर्ष उमेरका विद्यार्थीहरु बीच आपसी प्रतिस्पर्धा गराईएका विद्यार्थीहरु मध्यबाट पुन: प्रथम, द्वितीय र तृतीय स्थान लगायत सन्त्वना स्थान हासिल गर्ने विद्यार्थीहरुको छनोट गर्ने लायन्स क्लव इन्टरनेशनलको उद्देश्य रहेको छ । कार्यक्रममा जोन चियर पर्सन कृष्ण बहादुर अधिकारीले भविष्यका कर्णदारका रुपमा रहेका प्रतिभावान विद्यार्थीहरुमा अन्तरनिहीत रहेको प्रतिभालाई सचित्र बाहिर ल्याउन यस खालका कार्यक्रमहरु सार्थक र उपयोगी रहेको बताउँदै यस खालका प्रतियोगितामा नेपाली बालबालिकाहरु सहभागिता हुनु सुखद् भएको स्पष्ट पारे । कार्यक्रममा स्वगत मन्यब्य क्लवका प्रथम उपाध्यक्ष पवित्रमणि पोखरेले गरेका थिए भने कार्यक्रमको अध्यक्षता क्लवका अध्यक्ष दिपक घिमिरेले गरेका थिए ।

चिसाखोला वेद विद्याश्रममा भोजन दान

पोखरा २५ असोज ।(गोल्डेन)

पोखरा चिसाखोला वेद विद्याश्रम पोखरा-२६, चिसाखोला आश्रम कास्कीका आवासीय वैदिक ब्राह्मण वटुकहरुको भोजनका लागि पोखरा-९, बाँस्तोलाथर हाल अष्ट्रेलिया निवासी प्रतिमा शर्माको शुभ जन्मोत्सवका एक दिनको भोजनदान गरेका छन् । उनकी ममतामयी माता दुर्गादेवी पौडेलमार्फत विद्याश्रममा एक दिनको भोजनदान गरेका हुन् । विद्याश्रमका आजिवन सदस्य एवं वैदिक धर्मानुरागी महानुभावहरुले आफ्नो जन्मदिनको दिन वैदिक ब्राह्मणहरुलाई भोजन गराउने दाता महानुभावहरुको अभिलेख राखी दाता स्मारिका प्रकाशन गर्ने प्रावधान अनुसार निकट भविष्यमा दाता स्मारिका प्रकाशन गरिने विद्याश्रमका सचिव गंगासागर उपाध्यायले बताए । यसै सालको पितृपक्षमा भोजन गराउनेहरुमा आफ्ना पितृ उद्धारका लागि बाबुराम परियारले एक दिनको भोजन दान, प्रमोद भण्डारीले ५ दिनको भोजनका लागि चामल दान दिए । सोही अवसरमा पितृ उद्धार तथा भावि सन्तानको कल्याण एवं उत्तरोत्तर प्रगतीको लागि आशिर्वाद दिदै विद्याश्रमका संस्थापक अध्यक्ष तथा मानार्थ प्रमुख संरक्षक मोक्षनाथ तिमिल्सिनाले विभिन्न आजिवन सदस्य एवं दाताहरुले पनि वैदिक विधिअनुसार जन्मोत्सव मनाई भोजनदान गराइदिन आग्रह गरे।

आवश्यकता

कुक	१ जना
कुक हेल्पर	१ जना
वेटर/रूम ब्वाई	१ जना

सम्पर्क
होटल साइलेन्ट पिक
लेकसाइड, पोखरा
फोन : ०६१-४६२८५४

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्वन्धि समस्या
महिलामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट दाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिवा, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

पोखरामा पहिलो पटक

यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाइ ठिक पार्न, सन्धी सुधा पेनलिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

अनुसन्धानमूलक 'यात्रा अंक छ'को लोकार्पण

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असोज ।

भाषिक तथा अनुसन्धानमुलक पत्रिका यात्रा अंक छको सोमबार पोखरामा एक कार्यक्रमका बीच लोकार्पण गरिएको छ । कार्यक्रमका प्रमुख आमन्त्रित व्यक्तित्व पृथ्वी नारायण क्याम्पस पोखराका क्याम्पस प्रमुख प्रा.डा. देवेन्द्रबहादुर लामिछाने र कास्कीका जिल्ला शिक्षा अधिकारी विष्णु प्रसाद अधिकारीले संयुक्त रुपमा उक्त पत्रिकाको लोकार्पण गरे । क्याम्पस प्रमुख तथा प्रमुख अतिथि लामिछानेले यस्ता अनुसन्धानमुलक पत्रिका प्रकाशनले नेपाली भाषाको विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने बताए । विद्यार्थीहरूको कार्यबाट प्रशन्न देखिएका लामिछानेले क्याम्पसका विभिन्न विभागहरूले नियमित अनुसन्धानमूलक जर्नल प्रकाशन गर्न नसकेको बेलामा विद्यार्थीहरूको क्रियाशिलताको सिको गर्नुपर्ने बताए । कार्यक्रमका विशिष्ट आमन्त्रित व्यक्तित्व जिल्ला शिक्षा अधिकारी विष्णु प्रसाद अधिकारीले पछिल्लो समय प्राविधिक साम्राज्यले गर्दा भाषा संस्कृतिको संरक्षणमा विशेष ध्यान दिनुपर्ने आश्यकता रहेको बताए । उनले आफ्नो विगत सम्झदै विगतमा आफैले अध्ययन गरेको क्याम्पसका विद्यार्थीहरूले यसरी अनुसन्धानमूलक पत्रिका प्रकाशन गर्दै आएकोमा गर्वको अनुभूति भएको बताए ।

सोही समारोहबीच यात्रा प्रकाशन समूह, शिक्षाशास्त्र संकाय, स्नातकोत्ततर तह नेपाली समूह पृथ्वी नारायण क्याम्पसले प्रकाशन गर्दै आएको यात्रा पत्रिकाको उत्थानका लागि विशेष योगदान पु¥याएको भन्दै विभिन्न व्यक्तित्वहरू लाई सम्मान गरिएको छ । यसरी सम्मानित हुनेमा आदर्श समाज राष्ट्रिय दैनिकका प्रधान सम्पादक कृष्ण प्रसाद बास्तोला, यात्रा प्रकाशन समूहका संस्थापक अध्यक्ष लोकचन्द्र खनाल, समूहका सल्लाहकार बोधराज ढकाल, सम्पादन सल्लाहकार ईश्वर कुमार घिमिरे र समूहका कार्य समिति सदस्य कल्पना सुवेदी रहेका छन् । उनीहरूलाई कार्यक्रमका आमन्त्रित अतिथिहरूले अविर, दोसल्ला र सम्मानपत्र प्रदान गरेर सम्मान अर्पण गरेका थिए । अध्यक्षको आसनबाट बोल्दै समूहका अध्यक्ष श्रीभद्र पौडेलले समूहको पुर्नगठन भएको साँढे तीन महिनाको छोटो अवधिमा ठूलो आकारमा अनुसन्धानमूलक पत्रिका प्रकाशन गर्नु जटिल कार्य भए तापनि प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्णमा कृतज्ञता ज्ञापन गरे । कार्यक्रममा सम्मानित व्यक्तित्व कृष्णप्रसाद बाँस्तोला, बोधराज ढकाल, लोकचन्द्र खनाल, प्रा.डा. यदु नन्दन उपाध्याय, उपप्राध्यापक चोलाकान्त ओझा, समूहका सल्लाहकार सुरज पौडेल, समुहका उपाध्यक्ष रत्ना कुमारी विश्वकर्मा लगायतले शुभकामना मन्तव्य राखेका थिए । लोक दोहोरी गायक ज्ञानेश्वर सुवेदीले सांस्कृतिक प्रस्तुति राखेको कार्यक्रममा समूहका सहसचिव मालती कुमालले स्वागत मन्तव्य र उपाध्यक्ष झलक पौडेलले कार्यक्रमको सञ्चालन गरेका थिए ।

मदरल्याण्ड उच्च माविमा १५औं खेलकूद प्रतियोगिता

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असोज ।

मदरल्यान्ड उच्च मा. वि. मासवार पोखराले प्रत्येक वर्ष आयोजना गर्दै आएको वार्षिक खेलकुद कार्यक्रम अन्तर्गत यस वर्षको १५औँ वार्षिक खेलकुद कार्यक्रम सम्पन्न भएको छ । एक महिना अघिदेखि विभिन्न चरणमा संचालन गरिँदै आएको कार्यक्रममा कक्षा नर्सरीदेखि कक्षा चारसम्म स्पून रेस, मिठाई दौड, बेलुन ब्रस्ट, म्युजिकल चियर, स्किपिङ आदिजस्ता खेलहरू कक्षागत रूपमा आयोजना गरिएका थिए । कक्षा पाँचदेखि कक्षा दशसम्म निमावि र मावि गरी दुई तहमा बास्केटबल, भलिबल, टेबलटेनिस, बुद्धिचाल, विभिन्न दौड, रिले र एथ्लेटिक्स, टग अफ वार आदि जस्ता खेलहरूको आयोजना गरिएको थियो । कक्षा नर्सरीदेखि कक्षा चारसम्म सम्पूर्ण खेलहरू खुल्ला प्रतिस्पर्धाको आधारमा सञ्चालन गरिएको थियो । मार्च पासबाट उद्घाटन गरिएको समापन सत्रमा सञ्चालित मावि तहको फाइनल खेलमा भलिबलमा छात्र र छात्रा दुबैतर्फ पहैंलो सदन प्रथम भएको छ भने बास्केटबलमा छात्रातर्फ पहैंलो सदन र छात्रतर्फ निलो सदन प्रथम हुन सफल भएका थिए । खेल, सह-कार्यकलाप र पढाइलाई मनोरञ्जनपूर्ण तरिकाले एकैसाथ अगाडि बढाउनका लागि विद्याालयभित्र गठित हरियो, पहैंलो, रातो र निलो गरी चार सदनबीच अन्तर्सदनात्मक रूपमा प्रतियोगिता सम्पन्न भएको खेलकुद कार्यक्रम अन्तर्गतका विभिन्न प्रतियोगितात्मक खेल र तिनीहरूको नीतिजा अनुसार यस वर्षको उत्कृष्ट सदनको उपाधि पहैंलो सदनले जित्न सफल भएको छ । त्यसैगरी खेल खेल्दा खेलाडीहरूमा हुनुपर्ने महत्वपूर्ण पक्ष अनुशासनलाई अवधिभरि उच्च तरिकाले आत्मसात् गर्दै अनुशासन तर्फको उपाधि हरियो सदनले हात पार्न सफल भएको छ । कक्षा नर्सरीदेखि कक्षा १० सम्मका प्रायः सम्पूर्ण विद्यार्थीहरू सयभन्दा बढी खेलहरूमा सहभागी भएको कार्यक्रममा विजयी खेलाडी र सदनलाई विद्यालयका संस्थापक निर्देशक त्रिभुवन शर्मा, प्रधानाध्यापक प्रेमनारायण पोखरेल, संस्थापक तथा छात्रवास प्रमुख विष्णुप्रसाद बराल लगायतका व्यक्तित्वद्वारा पुरस्कार, प्रमाण-पत्र, मेडल र शिल्ड वितरण गरिको थियो । विद्यालयका खेलकुद विभागीय प्रमुख गङ्गा गुरुङको संयोजकत्व मा सम्पन्न कार्यक्रममा विद्यालयका संस्थापक निर्देशक त्रिभुवन शर्माले खेलमा अनुशासन र खेलका नियमहरू खेलाडीहरूले भुल्न नहुने बताउँदै कार्यक्रमलाई मर्यादित, अनुशासित, उत्साहजनक, र अनुशासनपूर्वक सम्पन्न गर्न सघाउने सम्पूर्ण शिक्षक, कर्मचारी तथा सहभागी सबैलाई धन्यवाद व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन निमावि इन्चार्ज अजय कुँवर र विद्यालयका सहकार्यकलाप प्रमुख सुनिल सुवालले गरेका थिए ।

लायन्स नाइटको सम्पूर्ण तयारी पूरा

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असोज ।

नेपालीहरुको महान पर्व विजयादशमीको अवसरमा लायन्स क्लब अफ पोखरा टुरिजम सिटीले आयोजना गर्न लागेको लायन्स नाईट २०७२ को तयारी पुरा भएको छ । नाईटको सम्पूर्ण तयारी पुरा भएको कार्यकमका प्रचार-प्रसार संयोजक सन्जय मल्लले बताए ।

कार्यकममा गायकहरु बिनोद बानियाँ, धमेन्द्र सेवान र प्रमोद खरेलले सांगीतिक प्रस्तुतिमार्फत मनोरञ्जन दिनेछन भने राष्ट्रिय भलिबल खेलाडी तथा मिस नेपालको उत्कृष्ट ५ प्रतिस्पर्धी नायिका सिपोरा गुरुङ्गको नेतृत्वमा साँस्कृतिक फेशन सो गरिने आयोजकले जनाएको छ ।

कार्यकममा पोखरामा रहेका लायन्स क्लबहरु बीच बडा दशैं, दीपावली, छठ तथा नेपाल संवत ११३६ को शुभकामना आदान-प्रदान तथा लायन्स डिष्ट्रिक्ट ३२५ बि वान नेपालका गर्भनर ध्रुबबहादुर थापालाई सम्मान गरिने क्लबका अध्यक्ष प्रदिप कुँवरले बताए । उनले पोखरा तथा आसपासका लायन्स क्लब ३२५ बि वान नेपालमा आबद्ध क्लबहरु तथा क्लबमा आबद्ध नभएका पोखराका लब्धप्रतिष्ठित ब्यक्तित्वहरु बीच दशैं शुभकामना, भाइचारा अभिवृद्धि तथा आत्मीय सम्बन्धलाई कायम राख्नका लागि कार्यकम आयोजना गर्न लागिएको बताए । अप्ठ्यारो अवस्थामा पनि कार्यकम गर्न लागिएको तथा कार्यकमबाट बचेको रकम भूकम्प पीडित स्कुलका लागि खर्च गरिने भएकोले कार्यकममा पोखरेलीको उत्साहजनक सहभागीता रहनेमा आफू आशावादी रहेको क्लबका प्रथम उपाध्यक्ष कार्यकमका सह-संयोजक सुदिप पौडेलले बताए । कार्यकम सम्पन्न गर्नका लागि क्लबका अध्यक्ष प्रदिप कुँवरको संयोजकत्वमा १५ समिति कार्यसमिति चयन गरिएको छ ।

आर्ट ग्यालरी महेन्द्रपुलमा फोटो प्रदर्शनी

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असोज ।

नेपाल र इजरायल दौत्य सम्बन्ध भएको ५५ बर्ष पुरा भएको अवसरमा आर्ट ग्यालरी महेन्द्रपुलमा फोटो प्रदर्शनी भएको छ । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र इजरायल दूताबासको संयुक्त आयोजना तथा पोखरा फोटोग्राफर संघको स्थानीय व्यवस्थापनमा इजरायलका वरिष्ठ कलाकार योसी आसरको एकल फोटो प्रदर्शन गरिएको हो । कार्यक्रमको उद्घाटन नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका प्रज्ञा परिषद सदस्य रमेश श्रेष्ठले गरेका थिए । कार्यक्रममा जे के आर्ट ग्यालरीका अध्यक्ष अशोक पालिखेले नेपाल र इजरायलका कला संस्कृतिको आदान-प्रदान गर्न सकेमा राम्रो उपलब्धी हुने बताए ।

तस्वीर : काजल श्रेष्ठ

राष्ट्रिय फोटो पत्रकार समूहका सल्लाहकार कृष्णमणि बराल, नेपाल पत्रकार संघ कास्की शाखाका अध्यक्ष रामकृष्ण ज्ञवालीले पोखरामा फोटो प्रर्दशनीबाट दुई देश एक आपसमा नजिक हुने अवसर प्रदान हुने बताएका थिए ।

कार्यक्रममा इजरायल राजदूतबासका अफिसर सायर गायले नेपाल र इजरालय दौत्य सम्बन्ध ५५ बर्षको उपलक्ष्यमा काठमाडौं पछि पोखरामा फोटो प्रदर्शनी गर्न पाउँदा अत्यन्तै खुशी लागेको बताए । कार्यक्रमको स्वागत मन्तब्य पोखरा फोटोग्राफर संघका संरक्षक गणेश "छबि" कार्यक्रमको सभापतित्व संघका अध्यक्ष गुरु प्रसाद तिवारीले गरेका थिए भने संचालन सचिव रबिनाथ दाहालले गरेका थिए ।

सिजीमा नयाँ अफर

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असोज ।

नेपालको ठूलो इलेक्ट्रोनिक्स ब्राण्ड सिजीले आगामी दशैं र तिहारको उपलक्षमा ग्राहकहरुमा नयाँ योजना ल्याएको छ । उत्साह तथा उमंगको उत्सवमा, पक्का उपहार हरेक खरिदमा नामको

योजना ल्याएको सिजीले सिजी ब्राण्डका एलइडि टिभि, वासिङ मेसिन, माइक्रो वेभ ओभन र साउण्ड बारको खरिदमा पक्का उपहार प्रदान गर्नेछ । साथै रेफ्रिजेनेरटरमा ५ हजार एक सय रुपैयाँसम्मको महा क्यास ब्याक अफर तथा एसीमा निःशुल्क जडान सुविधा उपलब्ध गराएको सिजी इलोक्ट्रोनिक्सका मार्केटिङ राम सागर यादवले जानकारी दिए । उनका अनुसार यो योजना असोज ११ गतेदेखि सीमित अवधिका लागि देशभर लागू गरिएको छ ।

महिला समूहको सक्रियतामा बालक्लव गठन

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असोज ।

पोखरा उपमहानगर पालिका वडा नं ५ स्थित पर्स्याङ रातामाटा महिला आमा समूहको सक्रियतामा बाल क्लब गठन गरिएको छ । आमा समूहकी अध्यक्ष गोमा सोतीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्थानीय टोल सदस्यका १४ बर्ष मुनिका बालबालिकाहरुको शिक्षा, स्वास्थ्य र बालअधिकार सम्बन्धी सचेतनाका लागि पोखरा उपमहानगरपालिकाको घोषित नीति तथा कार्यक्रम अनुसार बालक्लब गठन गरि बालबालीकाको सर्बाङ्गिण विकासमा सहयोग पुग्ने उद्देश्य रहेको समूहकी अध्यक्ष गोमा सोतीले बताइन ।

कार्यक्रममा ५५ जना बालबालिका तथा आमा समूहका पदाधिकारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागी बालबालिका मध्यबाट ११ सदस्यीय बालक्लब गठन गरिएको छ । क्लवको अध्यक्षमा अबिरल पौडेल, उपाध्यक्षमा सुशान्त तिमिल्सिना, सचिवमा अस्मिता भण्डारी, कोषाध्यक्षमा निश्चल ढकाल, सह-सचिवमा सायना गुरुङ र सदस्यहरुमा सुजित पाठक, विजय सोती, पूर्णिमा पौडेल, सिजन भटटराइ, कृपा श्रेष्ठ, मनिष श्रेष्ठ चयन भएका छन भने सल्लाहकारमा गोमा सोती, पबित्रा शर्मा, सिता पौडेल, लक्ष्मी दाहाल र बिनिता तिमिल्सिना रहेका छन । वडा दशैं २०७२ घरआँगनमा आइरहेको अवसरमा शुभकामना आदानपदान तथा रातामाटा टोल तथा पर्स्याङ्का बिभिन्न स्थानहरुमा सरसफाइ समेत गरिएको रातामाटा महिला आमा समूहका सचिव पबित्रा शर्माले बताएकी छन ।

गुप्तकालिका मन्दिरमा दुर्गा पूजाको तयारी

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असोज ।

कास्कीकोट गुप्तकालिका मन्दिरमा यस वर्षपनि विश्व शान्तिको कामना गर्दै नव दुर्गा पूजाको तयारी पुरा भएको छ । गुप्तकालिका मन्दिरमा नव दुर्गा सुरु भएको घटस्थापनाका दिन देखि विधिवत रुपमा कोटमा पाणा पूजारहरु सहित दशमीसम्म गुप्तकालिका मन्दिरमा बसेर वैधिक तथा तान्त्रिक पूजा गरिने पूजा समितिका संयोजक कृष्ण प्रसाद उपाध्यायले जानकारी दिए । कास्कीकोटमा रहेको गुप्त कालिका मन्दिरमा पूजा गर्न वर्षौं हजारौं भक्तजनहरुको उपस्थिति रहने गर्दछ । मन्दिरमा मालश्री संगै ठूलो धोप सानो धोप तथा नगरा बजाउने प्रचलन रहेको छ, जुन १७औं शताव्दिदेखिका रहेका छन् ।

हरेक दिन हरेक देवीको विशेष पूजाको साथमा विश्व शान्तिको कामना सहित पूजा पाठ गरिने र पोखराको रामघाटदेखि लगिएको फूल पत्रहरु कोटमा भित्र्याउने गरिन्छ । सातौं दिनमा कुवँर जातिको सैनिक कलाको लोपउन्मुख खेल सराङ खेलमा १७औं शताव्दिका हातहतियार ढाल तरवार खुडा खुकुरीहरुको प्रदर्शन समेत गरिने पूजा समितिका सचिव तथा कास्की कोटका इतिहासकार ठाकुर प्रसाद त्रिपाठीले बताए । आठौं दिनमा काल रात्रिको मध्यरातमा विशेष पूजा गरी नवमीमा देशका विभिन्न ठाउँबाट पञ्चवली लिएर पूजा गर्न आउने गर्दछन् । १०औं दिनमा गुप्तकालिका मन्दिरमा टीका लगाएपछि अन्य ठाउँमा लाउने चलन रहेको छ । पछिल्लो समय सरकारले यस्ता पौराणिक मठ मन्दिरको संरक्षणमा ध्यान नदिंदा पौराणिक तथा एतिहासिक गुप्तकालिका मन्दिर संरक्षणको पर्खाइमा रहेको छ ।

पोखरा भैरव लायन्सको पिसपोष्टर कार्यक्रम

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असोज ।

लायन्स क्लव अफ पोखरा भैरबले पोखराको नदीपुरस्थित बालमन्दिर उच्च मा.वि.को सभाकक्षमा पिस पोष्टर कार्यक्रम आयोजना गर्‍यो । कार्यक्रममा प्रमुख अतिथि लायन्स क्लव अन्तर्राष्ट्रिय ३२५ बी १ का पिस पोष्टर कन्टेक्स कमिटी चियरपर्सन सूर्यनाथ कोइरालाले कार्यक्रमको उद्घाटन गरेका थिए ।

त्यस अवसरमा बोल्दै उनले लायन्सको नीति नियमलाई पालना गरी विश्वशान्ति अंकित चित्र लेखन गर्ने र नेपालमा प्रथम भए त्यो चित्र अमेरिका जाने र त्यहा छनौट भए सम्मानित हुन पाउने हुँदा सफा, शुद्ध चित्र बनाउन आग्रह गरे । प्रतियोगिताका निर्णायक एवम् बरिष्ठ चित्रकार क्षेत्रलाल कायस्थले प्रतियोगिताको विषयमा जानकारी दिंदै मनभित्रबाट निस्केका भावनालाई चित्रमार्फत प्रस्तुत गर्न सक्नु नै चित्र हो भने । प्रतियोगितामा बालमन्दिर उच्च मावि, नविन उच्च मावि, विन्दवासिनी उच्च मावि, ज्ञानभूमि मावि, कन्या माविका १९ जना विद्यार्थीहरुको सहभागिता रहेको थियो । प्रतियोगितामा प्रथम बालमन्दिर उच्च माविका लोसाङ्ग तामाङ्ग, द्वितीय ज्ञानभूमि माविका सुमेश परियार र तृतीय बालमन्दिर उच्च माविकै अभिषेक केसी भएका थिए । कार्यक्रममा बालमन्दिर उच्च माविका प्राचार्य सुशील बस्नेत, नरेन्द्र कुमार श्रेष्ठ, वनोद द्वा, जगत तिमिल्सिना लगायतले आ-आफ्नो मन्तव्य राखेका थिए ।

पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका 'गोल्डेन न्यूज राष्ट्रिय दैनिक' खोजी-खोजी पढ्ने गरौं ।

खुशीको खबर !

के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक, रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।

आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.
सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर) ९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- अन्तर्वार्ता धमाधम भइरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोनः०६१-५५०२५२, मो. ९८४६०-४१४९२

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

जीवन के.सी. मो. ९८५६०-३८०६६ ९८०६६-४०६८५
पञ्चमुखी लक्ष्मी सप्लायर्स
हवेलीमार्ग, काजीपोखरी पोखरा-१८
विवाह, व्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

Study in Japan
Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoko | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
1. SLC मा उतिर्णले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकिने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Free Processing for Master, Bachelor & +2 First Divison Students*
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

संविधानका अन्तर्वस्तुका बारे अनुशिक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असोज ।

संविधानसभाबाट ०७२ असोज ३ गते जारी नेपालको संविधानका अन्तरवस्तुका बारेमा जानकारी गराई सचेतना पुऱ्याउने उद्देश्यले सोमवार पोखरामा अनुशिक्षण कार्यक्रम सम्पन्न भयो । स्थानीय शान्ति समिति कास्कीद्वारा आयोजित कार्यक्रममा सहभागीहरुले ठूलो संघर्षपछि नेपाली जनताले आफ्ना अधिकार आँफै लेखेर संविधान सभामार्फत संविधान जारी गरेको भन्दै संविधानलाई संस्थागत गरी प्रभावकारी कार्यान्वयनमा जोड दिए । संविधानलाई केही समुदाय बाहेक धेरैले स्वीकार गरेको तथा कमिकमजोरी भएमा सुधारका लागि संशोधनको व्यवस्था भएको भन्दै सहभागीहरुले संविधानको अपनत्व ग्रहण गर्दै आवश्यक कानून निर्माण गरी कार्यान्वयन गर्नुपर्ने तर्फ एकताबद्ध रुपमा अगाडि बढ्नुपर्ने बताए ।

नेपालमा जन्मिएका बाबु वा आमा पत्ता नलागेका नागरिक नागरिकहरुलाई पनि नेपालको बंशजको नागरिकता दिने व्यवस्था, मौलिक हकहरु, स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिका, समावेशीता जस्ता मूलभूत बिषयहरुमा संविधान उत्कृष्ट रहेको सहभागीहरुको धारणा थियो । अनुशिक्षण कार्यक्रममा संविधानको प्रस्तावना, प्रारम्भिक र नागरिकताको व्यवस्थाबारे स्थानीय शान्ति समितिका सचिवालय सदस्य खगराज आचार्य, मौलिक हक तथा कर्तव्यका बिषयमा अधिवक्ता गिरधारी सुवेदी, शाासकीय स्वरुपका सम्बन्धमा वरिष्ठ अधिवक्ता रामप्रसाद घिमिरे, न्यायपालिका सम्बन्धमा वरिष्ठ अधिवक्ता कृष्ण गुरुङ, प्रदेश तथा स्थानीय कार्यपालिका र व्यवस्थापिकाबारे शान्तिका लागि नागरिक समाजको सञ्जालका संयोजक सरलाकुमारी पाण्डे, संविधान संशोधन बारेमा भएको व्यवस्थाबारे शिव सुनारले सहजीकरण गरेका थिए । कार्यक्रम प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले नेपालको संविधान जारी भएपछि अब सबै मिलेर यसको सफल कार्यान्वयन गर्न सकेमा संघीय शासन प्रणाली कार्यान्वयनमा सहयोग पुग्ने बताए । उनले संविधानका बारेमा स्थानीय तहमा सचेतना अभियान अगाडि बढाउनुका लागि राजनीतिक दलले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताए ।

स्थानीय शान्ति समिति संयोजक रामजी बरालजीवनको अध्यक्षतामा सम्पन्न अनुशिक्षण वरिष्ठ मानवअधिकारकर्मी टेकनाथ बराल, नेपाली कांग्रेसका जिल्ला सचिव युवराज कुँवर, नेकपा एमालेका जिल्ला उपाध्यक्ष मनबहादुर गुरुङ, राप्रपा नेपाल सचिव गणेश ढकाल, एनेकपा माओवादीका जिल्ला उपाध्यक्ष गंगा पोखरेल, नेकपा एकीकृतका भीम श्रीष, गैसस महासंघका गोपाल खड्का,मेरुदण्ड पक्षघात संघका हरिकृष्ण शर्मा, नेपाल महिला संघकी कोपीला रानाभाट, राष्ट्रिय मानवअधिकार आयोग पोखराकी निमित्त निर्देशक सम्झना शर्मा, नेकपा माओवादीका अर्जुन छन्त्याल लगायतले संविधानका अन्तर्वस्तुबारे आ-आफ्ना धारणा राखेका थिए । कार्यक्रमको सञ्चालन इन्सेक पश्चिमाञ्चलका क्षेत्रीय संयोजक शिव खकुरेलले गरेका थिए ।

फ्रान्सेली टोलीद्वारा महेन्द्र मा.वि. घार्मीलाई आर्थिक सहयोग

पोखरा २५ असोज ।(गोल्डेन)

पोखरा घुम्न आएको फ्रान्सेली टोलीले महेन्द्र मा.वि. घार्मीलाई १ लाख तीस हजार रुपैयाँ सहयोग गरेको छ । विद्यालयका भू.पू. विद्यार्थी राधाकृष्ण आचार्यको नेतृत्वमा रहेको सोनिया, जील, डोमिनिक, म्याचु, इजावेल, फलोरेन्स, दनी, ओलिभिए, एलंभा, किकिए, फ्रस्वांज र धनियाल गरी ११ जनाको टोलीले विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि उक्त रकम सहयोग गरेको हो । टोलीले दुइ वर्ष अघि पनि विद्यालयलाई सहयोग गरेको थियो । विद्यालयमा आयोजित कार्यक्रममा सहयोगी टोलीका सदस्य सहित भूपू विद्यार्थी आचार्यलाई सम्मान समेत गरिएको थियो ।

विद्यालयका प्रधानाध्यापक बासुदेव पौडेल, विद्यालयका सल्लाहकार रामचन्द्र शर्माले टोलीलाई सम्मान गरे । कार्यक्रममा बोल्दै टोलीका संयोजक आचार्यले विद्यालयलाई फ्रान्सेली नागरिकले सहयोग गर्दै जाने बताए । उनले शैक्षिक गुणस्तर वृद्धि गर्न व्यवस्थापन चुस्त दुरुस्त हुनुपर्ने सुझाव दिए । विद्यालयका प्रअ पौडेलले फ्रान्सेली विद्यालय संगै भागिनी सम्वन्ध कायम गर्न प्रस्ताव गरे । कार्यक्रममा सहायक प्रधानाध्यापक नन्दराज दाहाल, शिक्षक अशोक पौडेल लगायतले शैक्षिक समस्याका बारेमा जानकारी गराएका थिए ।

यसैबीच विद्यालयले मंगलबार शुभकामना आदान प्रदान तथा चियापान कार्यक्रम गर्ने भएको छ ।

पर्यटकलाई गुणस्तरीय सेवा प्रदान गर्न तालिम

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ असोज ।

पर्यटकलाई गुणस्तरीय सेवा प्रदान गर्न होटल क्षेत्रको दक्षता अभिवृद्धि गर्ने उद्देश्यले बिहीबारबाट पोखरामा सुरु भएको पाँच दिने आधारभूत टुरिजम एण्ड हस्पिटालिटी म्यानेजमेण्ट तालिम सोमबार सम्पन्न भएको छ । कास्कीका प्रमुख जिल्ला अधिकारी कृष्णवहादुर राउतले तालिममा सहभागी ७५ जनाको प्रमाणपत्र एकमुष्ट होटल प्रतिनिधि समाजका अध्यक्ष दीपेन्द्र पहारीलाई हस्तान्तरण गरेका थिए । पश्चिमाञ्चल होटल संघ पोखराको आयोजना तथा सिटीईभीटी अन्तर्गतको पोखरा स्कूल अफ टुरिजम एण्ड हस्पिटालिटी म्यानेजमेण्टको सहकार्यमा तालिम भएको हो । होटल प्रतिनिधि समाजले तालिमलाई सघाएको थियो । तालिममा होटलका व्यवस्थापक, कर्मचारी र मजदूरको सहभागिता रहेको थियो । पोखरा स्कुल अफ टुरिजम एण्ड हस्पिटालिटी म्यानेजमेण्टका प्रमुख हर्कलाल श्रेष्ठले यसप्रकारका तालिम आयोजना गर्न आगामी दिनमा पनि आफ्नो संस्थाले सहयोग गर्दै जाने प्रतिवद्धता व्यक्त गरे । तालिम अवधिभर सहभागीलाई पर्यटन जागरण, पर्यटन उद्योग, संचार दक्षता, अतिथिको आशा, कामदारको सकारात्मक सोचाई, पर्यटकको महत्व र पर्यटकलाई कसरी सकारात्मक रुपमा प्रभावित पार्ने लगायतका विषयमा जानकारी प्रदान गरिएको थियो ।

सो अवसरमा बोल्दै प्रजिअ राउतले तालिम भन्ने वित्तिकै ज्ञान, सीप र स्वभावको कुराले बढी प्राथमिकता पाउने बताउँदै सोही अनुसार सहभागीहरुले सिकाई प्राप्त गरेको विश्वास व्यक्त गरे । उनले होटल क्षेत्रमा ठूलो लगानी रहेको स्मरण गर्दै अहिलेको इन्धन अभावमा व्यवसायीले भोग्नुपरेको अफ्ठ्यारो प्रति आफू चिन्तित रहेको बताए । पर्यटक कम आएको अवस्थाले व्यवसायी हतोत्सायी जस्तो देखिएको आफूले कतिपय कार्यक्रममा पाएको बताउँदै उनले आसावादी भएर दृढताका साथ अगाडि बढ्न आग्रह गरे । सो अवसरमा संघका अध्यक्ष भरतराज पराजुलीले होटल क्षेत्रमा इन्धन अभावले ठूलो समस्या निम्तिएको बताउँदै अर्बौंको लगानी जोगाउन पनि सरकार गम्भीर बन्नुपर्ने भनाई राखे । सन् २०१५ पर्यटन क्षेत्रका लागि दुर्भाग्यको वर्ष रहेको भनाई पनि उनले राखे । संघका सल्लाहकार लक्ष्मीबहादुर भट्टराईले होटल क्षेत्रलाई उद्योग सरहको सुविधा दिन माग गरे । संघका अर्का सल्लाहकार मेहरमान श्रेष्ठले तालिममा सिकेका कुरा व्यवहारमा उतार्न सहभागीसँग आग्रह गरे । सो अवसरमा संघका प्रथम उपाध्यक्ष विकल तुलाचन, होटल प्रतिनिधि समाजका अध्यक्ष दिपेन्द्र पहारी र संघका महासचिव भेकेन्द्रकुमार श्रेष्ठले पनि भनाई राखेका थिए ।

प्रम....

कार्यकाल सफलताको शुभकामना ब्यक्त गरेका छन् । उनले नेपाल र चीन निकै निकट सम्वन्ध रहेको मित्र मुलुक हुन् भन्दै नेपालको विकास र समृद्धिमा चीनको साथ र सहयोग रहने स्पष्ट पारेका छन् । 'नेपाल(चीन सम्बन्ध एक अर्कामा धेरै परीक्षण भएर यहाँसम्म आएको अटुट मित्रता हो, जुन निकै बलियो छ,' प्रधानमन्त्री लिले जारी गरेको शुभकामना सन्देशमा उल्लेख छ । चीनले नेपालको शान्ति तथा विकास कार्यमा सहयोगी रहने पनि उनले बताएका छन् । दुवै मुलुकले एकअर्का मुलुकको चासोमा सँधै साथ र सहयोग रहेको समेत उनको बक्तब्यमा उल्लेख गर्दै भनिएको छ, 'ओलीको नेतृत्वमा यसअघिको साथ र सहयोग सबै कामय रहनेछ । नयाँ सरकारले नेपालको दिगो विकास र आर्थिक उन्न्तीमा नयाँ उपलब्धी हासिल गर्नेछ । चीनले नेपाललको शान्ति, स्थायीत्व र विकासको लागि आफ्नो क्षमता अनुसारको सहयोग गरिरहनेछ ।' उक्त वक्तब्य द्विपक्षीय सम्वन्धलाई उचाईमा लैजान र नयाँ सरकारसँग सम्वन्ध थप मजबुत बनाएर अघि बढ्नमा केन्द्रित रहेको छ । चिनियाँ प्रधानमन्त्रीले नेपाल बलियो, मुलुकको आर्थिक समृद्धि र नेपाली जनताको सुसफलताको कामनासमेत गरेका छन् । चिनियाँ प्रधानमन्त्रीले प्रधानमन्त्री ओलीसँग निरन्तर साथ दिएर काम गर्ने, जुन सम्बन्ध कहिल्यै अन्त नहुने, निरन्तर रहने र उक्त सम्वन्धले उचाई समेत लिने स्पष्ट पारेका छन् । चीनले नेपालको शान्ति, स्थिरता र समृद्धिको लागि लगातार सहयोग रहनेसमेत बताएका छन् । उनले प्रधानमन्त्री ओलीको सुस्वास्थ्यको समेत कामना गर्दै हरेका कार्यको सफलताका लागि शुभकामना दिएका छन् ।

भारतीय हस्ताक्षेपको विरोध जारी

पोखरा २५ असोज ।(गोल्डेन)

भारतीय हस्तक्षेप विरुद्ध पोखरामा विरोध ऱ्याली निस्केको छ । युनाइटेड क्लवको आब्हान तथा पोखरामा क्रियाशील विभिन्न क्लवहरुको संयुक्त आयोजनामा राष्ट्रिय स्वाधिनताको रक्षा गरौ, राष्ट्रिय सवालमा एक हौ भन्ने मुल नाराका साथ पोखरा सभागृहबाट निस्केको ऱ्यालीले बिभिन्न बजार परिक्रमा गरेको थियो । बजार परिक्रमा पछि पोखराको बिपीचोकमा पुगी कोणसभामा परिणत भएको ऱ्यालीमा वोल्दै अधिवक्ता तिलक पराजुलीले भारतिय हस्तक्षेप कुनैपनि हालतमा सहन नसकिने वताए । भारतले वेला वेलामा नेपाली जनतालाई दुख दिदै आइरहेको र नेपालीले संविधान जारी गरेको अवस्थामा उसले भनेजस्तो भएन भनेर नाकाबन्दी गरिनु अन्तराष्ट्रिय कानुनलाई उल्लंघन गरि नाकाबन्दी गर्नु लज्जास्पद काम भएको पराजुलीको भनाइ रहेको थियो । त्यस्तै ऱ्याण्डम रिडर्स शोसाइटीका अध्यक्ष गणेश पौडेलले भारतले अघोषित रुपमा गरेको नाकाबन्दीले नेपालीहरुलाई राष्ट्रिय स्वाभिमानको विषयमाा एक ठाउमा उभ्याएको वताउँदै आफ्नो राष्ट्रियताको पक्षमा सम्पूर्ण नेपालीहरु एक ठाउमा उभिएर भारतको विरोधमा लाग्नुपर्ने वेला आएको वताए । राष्ट्रियताको पक्षमा राजनीतिक दलहरु एक ठाउमा उभिन नसक्दा अहिलेको अवस्था आएको वताउदै त्यसप्रति नेपाली जनताले सोच्ने बेला आएको उनको भनाइ रहेको थियो । इन्द्रेणी एकीकृत बिकास केन्दका अध्यक्ष भानुभक्त अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा युनाइटेड क्लवका अध्यक्ष हिमालय बखेलले नेपालीहरु आफ्नो राष्ट्रियताको पक्षमा पानी समेत नखाइकन लडेको इतिहास भएकाले नेपाललाई कर्मथलो बनाउँदै भारतीयहरुले गरेको राजनीतिक बेइमानी अति भएको वताए ।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा